स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'सतीदेवी'ले पोस्टर सार्वजनिक गर्दै सामाजिक-राजनीतिक आन्दोलनको औचित्यलाई प्रश्न गरेको छ । पोस्टरमा एक महिला पात्रलाई जुत्ताको मालासहित कालोमोसो दलेर गाउँलेले लखेटिरहेको देखिन्छ । भर्खरको उमेरकी यी गाउँले युवती त्रसित मनोविज्ञानसहित भागिरहेकी छिन् । उनको नियति के हुने हो, त्यसको सार फिल्मले नै भन्ला । पोस्टरमा देखिएकी कलाकार पछिल्लो छिमलकी व्यस्त अभिनेत्रीमध्ये पर्ने मलिका महत हुन् ।

**आजको विचार...**



दाना...
(दुई पेजमा)

स्वयम्भुनाथ कार्की

निश्चल बस्नेत निर्देशित चलचित्र 'दिमाग खराब'ले ७ करोड ग्रस कलेक्सन गरेको छ । कातिक २४ गतेबाट प्रदर्शनमा आएको चलचित्रले दुई हप्तामा उक्त कमाई गरेको निर्माण पक्षले जानकारी दिएको छ । यो चलचित्रमा खगेन्द्र लामिछाने, दयाहाङ राई, स्वस्तिमा खड्का, अर्पण थापा, विजय बराल, सुमन कार्कीलगायतको अभिनय छ । आकाश बरालको कथा लेखन रहेको चलचित्रको निर्माता रौनक विक्रम कँडेल हुन् । एउटा साधारण व्यक्तिको जीवनमा राजनीति कसरी जोडिन पुग्छ भन्ने कथा चलचित्रले प्रस्तुत गर्छ ।



❒ वर्ष २९ ❒ अंक ११७ ❒ २०८० मंसिर ९ गते शनिबार 25 November 2023, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## दुर्घटनापश्चात् पहिलो पटक गृह जिल्लामा चन्द्र भण्डारी

# जन्मभूमिलाई ढोग्दै भावुक बनेपछि...

**हाम्रा संवाददाता**——

**गुल्मी (तम्घास),** मंसिर ८/नेपाली काँग्रेसका सांसद एवं प्रभावशाली नेता डा.चन्द्र भण्डारी झण्डै एक बर्षको उपचारपछि गृह जिल्ला गुल्मी फर्केका छन् । उनलाई स्वागत गर्न गुल्मीका नेताहरु शुक्रबार रेसुङ्गा विमानस्थल पुगे । विमानस्थल ओर्लिएका सांसद भण्डारी जन्मभूमिलाई ढोग्दै भावुक बने । उनी आफु मात्र भावुक बनेनन्, स्वागतका लागि पुग्ने सबैलाई भावुक बनाए । भण्डारीले भावुक हुँदै भने 'जन्म दिने आमा गुमाए, आमाको बैकुण्ठवासको कामना सहित मातृभूमिलाई प्रणाम गर्दछु ।' उनी भावुक हुँदै पटक-पटक जमिन छोएर ढोग्दै गर्दा उपस्थित भिड समेत भावुक देखियो । जलनको घटनामा परी आमा गुमाएको पीडा र आफु उपचारपछि बाँच्न सफल भएपछि नेपाली काँग्रेस गुल्मीको दोस्रो जिल्ला सम्मेलनमा सहभागी हुन पहिलो पटक गुल्मी आईपुग्दा काँग्रेसका दर्जनौ नेता तथा कार्यकर्ता उनको स्वागतका लागि विमानस्थल पुगेका थिए । विमानस्थल ओर्लिएका काँग्रेस केन्द्रीय सदस्य समेत रहेका भण्डारीले भने 'मेरो घटनापछि हामीले आमा गुमायौं, जिल्लावासी र संसारका सबै शुभेच्छुकहरुको प्रार्थनालाई भगवानले सुनेका कारण आज उपचारपछि झण्डै एक बर्षमा पहिलो पटक गृह जिल्ला फर्केर आउँन सके, म अत्यन्तै भावुक भएको छु ।'




डा. भण्डारी फागुन ३ गते निवासमा ग्याँस लिक भएर आगलागी हुँदा जलेका थिए । सो घटनामा जलेकी उनकी आमाको फागुन ४ गते बिहान निधन भएको थियो । भण्डारीको भारतमा सफल उपचारपछि केही समय अघि नेपाल फर्किएका थिए । रेसुङ्गा विमानस्थलमा नेता कार्यकर्तालाई भेटेर उनले नेपालको वर्तमान अवस्थाप्रति चिन्ता व्यक्त गर्दै आर्थिक अनियमितता नरोक्दासम्म दीगो विकास सम्भव नहुने समेत बताए । नेपाली काँग्रेस गुल्मीका सभापति एवं रेसुंगा नगरपालिकाका नगर प्रमुख खिलध्वज पन्थीको नेतृत्वमा भण्डारीलाई स्वागत गर्न विमानस्थल पुगेका सयौ नेता तथा कार्यकर्ताहरु समेत भावुक बने ।

डा.भण्डारीलाई नेताहरुले लगाई दिएका फुलका माला उनी आफैले जिल्लाका नेताहरुलाई लगाइदिदै तपाई सबैको प्रार्थना र आर्शिवादले म बाच्न सफल भएको हुँ भन्दा धेरैका आँखा रसाए । उनको गुल्मेली जनताप्रतिको सद्भाव र भावुकताप्रति केहीछिन विमानस्थलको वातावरण नै भावुक बन्यो । त्यहाँ पुग्ने कोई रोए, कोईले तस्वीर खिचाए । डा.भण्डारीलाई स्वागत गर्न विमानस्थल पुगेका नेपाली काँग्रेस लुम्बिनी प्रदेशका उपसभापति तथा गुल्मीका पूर्व सभापति भुवनप्रसाद श्रेष्ठले भावुक हुँदै भने 'यहाँको अवस्था हेर्दा बनवास सकेर १४ वर्ष पछि अयोध्या फर्किदै गर्दा, अयोध्यावासी खुसी भए जस्तै हामी सबै खुसीले भावुक भएका छौं ।' नेपाली काँग्रेस गुल्मीका सभापति खिलध्वज पन्थीले सांसद भण्डारीको उपचारपछि जिल्ला फर्केर आउँदा गुल्मेली जनतामा खुसी छाएको बताए । सांसद भण्डारीको गाउँ हुंगा निवासी गुल्मी काँग्रेसका उपसभापति अनन्तराम पौड्यालले नेता भण्डारीको आगमनले गुल्मेली जनतामा एक किसिमको उत्साह र उर्जा थपेको धारणा व्यक्त गरे । अर्का उपसभापति शिवबहादुर केसीले शनिबारदेखि शुरु हुने जिल्ल्ला सम्मेलनमा सांसद भण्डारीको सहभागिताले शोभा बढाउने आशा गरिएको बताए । भण्डारी शनिबारदेखि हुने गुल्मी सम्मेलनमा भाग लिन गुल्मी आएका हुन् ।

सम्मेलनको सम्पूर्ण तयारी पुरा भएको काँग्रेस जिल्ला सचिव भगतसिं खड्काले बताए । सम्मेलनले गुल्मी काँग्रेसलाई नयाँ उर्जाका साथ अगाडि बढाउन महत्वपूर्ण भूमिका खेल्नेमा उनले विश्वास व्यक्त गरे । अर्का सचिव जगदीश भट्टराईले डा.भण्डारी र पार्टीका महामन्त्रीहरुको उपस्थितिले संगठनका हरेक गतिविधी चुस्त भएर अगाडि बढ्नेमा विश्वास गरिएको बताए । सम्मेलनलाई भव्य र सभ्य बनाउन पार्टीका हरेक तहका संरचनाहरुलाई व्यवस्थित बनाइएको पार्टी सह-सचिव छवि पाण्डेले बताए । आज गाउँ-गाउँ, टोल-टोलबाट आमनागरिकको व्यापक सहभागिता रहने भएकाले व्यवस्थापन पक्षलाई चुस्त बनाइएको अर्का सह-सचिव धर्मा पाण्डेले जानकारी दिए । कार्यक्रमका लागि आवश्यक पर्ने आर्थिक पक्षलाई थप पारदर्शी र व्यवस्थित बनाउने काम भएको कोषाध्यक्ष अखिलेश्वरप्रसाद पाण्डेले बताए । जिल्ला सम्मेलन मंसिर ९ र १० गते तम्घासको चिदीचौरमा हुँदैछ । सम्मेलनका लागि काँग्रेस सभापति शेरबहादुर देउवासहित वरिष्ठ नेता शेखर कोइराला, महामन्त्रीद्वय गगन थापा, विश्वप्रकाश शर्मा, गुल्मेली नेता चन्द्र केसी लगायतका नेता पनि आउने काँग्रेस गुल्मी सचिवालयले जनाएको छ ।

### संक्षिप्त समाचार

## सवारी दुर्घटनामा एकको मृत्यु



**बुटवल,** मंसिर ८/पिकअप र मोटरसाइकल ठोक्किँदा बुटवलमा एक जनाको मृत्यु भएको छ । बेलवास-बेथरी सडक खण्ड अन्तर्गत बुटवल ११ नहरपुरमा लु १ च ७०२४ नम्वरको बलेरो पिकअप र लु ६१ प ५५०८ नम्वरको मोटरसाईकल ठोक्किंदा मोटरसाइकलमा सवार एकजनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा बुटवल-११ निवासी ४५ वर्षीय शालिकराम खनाल रहेका छन् । दुर्घटनाबाट गम्भीर घाइते खनालको बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । सोही दुर्घटनामा परी गम्भीर घाइते मोटरसाइकल चालक बुटवल-११ का शेखर पोखरेलको भैरहवास्थित मेडिकल कलेजमा उपचार भइरहेको प्रहरीले जनाएको छ । पिकअप र चालकलाई ईलाका प्रहरी कार्यालय बुटवलले नियन्त्रणमा लिएको जनाएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको छ ।

## अन्तर्राष्ट्रिय महिला हिंसा अन्त्य दिवस मनाइँदै

**पाल्पा,** मंसिर ८/आज २५ नोभेम्बर अर्थात् अन्तर्राष्ट्रिय महिला हिंसा अन्त्य दिवस नेपालमा पनि विविध कार्यक्रमका साथ मनाइँदैछ । यस वर्ष 'एकजुट हुनुहोस्! महिला र केटीहरु विरुद्ध हिंसा अन्त्य गर्न सक्रियता' भन्ने नाराका साथ दिवस मनाउन लागिएको हो ।

संयुक्त राष्ट्रसंघको सन् १९९९ को महासभाले नोभेम्वर २५ लाई महिला हिंसा विरुद्धको दिवसका रुपमा मनाउने निर्णय गरे अनुरुप हरेक वर्ष आजकै दिन यो दिवस मनाउने गरिन्छ । नेपालमा पनि २०५४ सालदेखि लैङ्गिक हिंसाविरुद्ध विविध सचेतनामूलक कार्यक्रम गरी अभियान मनाउन सुरु गरिएको हो । यस दिवसलाई नेपालमा पनि सोह्रदिने अभियानको रूपमा २५ नोभेम्बरदेखि १० डिसेम्बरसम्म मनाउने गरिएको छ । शारीरिक, मानसिक, आर्थिक, राजनीतिकलगायत अन्य महिला हिंसाका अनेकन रूप छन् । प्रत्येक वर्ष महिला हिंसाविरुद्धको दिवसलाई महिला अधिकारकर्मीले भव्यरूपमा मनाए पनि र सरकारले विभिन्न प्रतिबद्धता जाहेर गरे पनि महिला हिंसाको अवस्था भने ज्यूँका त्यूँ छन् । अझै पनि महिलाहरु




आर्थिक, सामाजिक, साँस्कृतिक तथा राजनीतिक रूपले विभेदीकरणमा परेका छन् भने शारीरिक र यौनिक हिंसाका शिकार भैरहेका छन् । मानव सभ्यातालाई ढुङ्गे युगदेखि आजको २१ औं शताब्दीको आधुनिक युगसम्म आइपुग्दा पनि जसरी समाज विकासक्रम अगाडि बढेको छ त्यही क्रममा आधाभन्दा बढी जनसंख्याको प्रतिनिधित्व गर्ने महिला माथि लैङ्गिक विभेद एवं हिंसाको घटनामा न्यूनीकरण आउन सकेको छैन । पितृसत्तात्मक संरचनामा जकडिएको नेपाली समाजमा महिला र पुरुष एउटै रथमा दुई पाङ्ग्रा एवं समानताको कुरा जतिसुकै गरिए पनि व्यवहारमा हिंसाको दुष्चक्रमा महिलाहरु भासिँदै जाने असहज परिस्थिति बन्दै गएको छ । महिलाहरु शारीरिक, मानसिक तथा मनोवैज्ञानिक रूपमा कमजोर हुन्छन् भन्ने सोचबाट विकसित समाज अझै आफैंमा भेदभावयुक्त छ ।

## भारतीय तरकारीले बजार पाएपछि नेपाली किसान मर्कामा

**गल्याङ (स्याङ्जा),** मंसिर ८/भारतीय तरकारी सस्तोमा नेपाली बजारमा आउँदा स्याङ्जाका कृषकले आफूहरु मर्कामा परेको गुनासो गरेका छन् । कठिन भौगोलिक अवस्थाका कारण यहाँका किसानको तरकारीको उत्पादन लागत बढी पर्न जान्छ । उत्पादन लागत बढी पर्ने हुँदा यहाँका किसानलाई भारतीय तरकारीभन्दा नेपाली तरकारी महँगोमा बिक्री गर्नुपर्ने बाध्यता छ ।



गल्याङ नगरपालिका-७, थुमका किसान अग्नि न्यौपानेले तरकारीलाई मुख्य पेसा बनाएको नौ वर्ष भयो । सुमन कृषि तथा पशुपालन फार्ममार्फत उनले अदुवा, टमाटर, काउली, बन्दाकोभी, अकबरे खुर्सानी, बेमौसमी मकै, साग, मुला, धनियाँलगायत खेती गर्दै आएका छन् । न्यौपानेले भारतीय तरकारी सस्तोमा नेपाली बजारमा आए पनि तरकारी बेचेर वार्षिक सात लाख आम्दानी गर्ने गरेको जिकिर गरे । 'भारतीय तरकारी सस्तोमा बजारमा आउँदा हाम्रो उत्पादनले उचित मूल्य पाएको छैन', उनले भने, 'यही व्यवसायबाट छ जनाको परिवार राम्रोसँग पालेको छु, भविष्यका लागि धेरैथोरै रकम जम्मा पनि गरेको छु ।'

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## घरबाटै महिला हिंसा अन्त्य गरौं

आजबाट लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु भएको छ । संयुक्त राष्ट्रसंघको आह्वानमा नोभेम्बर २५ देखि डिसेम्बर १० सम्मको १६ दिनलाई महिलामाथि हुने हिंसाविरुद्धको अन्तर्राष्ट्रिय दिवसका रुपमा विश्वभर मनाइने गरिएको छ । क्यारेबियन मुलुक डोमिनिकन गणतन्त्रमा राजनीतिक कार्यकर्ता तीन दिदीबहिनीको हत्याविरुद्ध अन्तर्राष्ट्रिय ऐक्यबद्धतास्वरूप यो दिवस विश्वभर मनाइने गरिएको छ । नेपालमा पनि २०५४ सालदेखि लैङ्गिक हिंसाविरुद्ध विविध सचेतनामूलक कार्यक्रम गरी अभियान मनाउन सुरु गरिएको हो । वर्षौंदेखि यो अभियान सञ्चालन भए तापनि हिंसा भने ज्यूँका त्यूँ नै छ । पहिलो कुरा हिंसा कहाँ-कहाँ हुन्छ, कसले गर्छ, हिंसा नघट्नुका कारण के हुन भन्नेबारे हामी आफैँ गम्भीर भएर सोच्नुपर्छ । हिंसा घरबाटै हुने गरेको छ । घरमा हिंसा छ, समाजमा छ, भेला/बैठक, गरिब-धनी, ठूलो जात, सानो जात, सम्पत्ति, योग्यता, पहुँच, अवसर र महिला महिलामा पनि हिंसा छ । सबै हिंसा हाम्रो हरेक क्षणको काममा रुमलिएर आफैँ भइरहेको छ । महिला हिंसा अन्त्यका लागि घर र महिलाबाटै अभियान सुरु गर्नुपर्छ । त्यसो गर्न सकियो भने मात्र केही हदसम्म भए पनि महिलाप्रतिको हिंसा अन्त्य गर्न सक्छौं ।

आफ्नो पहिचान, आत्मसम्मान र स्वतन्त्र भई जीवन बाँच्न पाउनु महिलाको नैसर्गिक अधिकार हो । हिंसा कसैउपर पनि हुनु व्यक्तिको मानव अधिकारको हनन् हो । प्रत्येक व्यक्तिको मानव अधिकार र स्वतन्त्रताको संरक्षण र संवर्द्धन गर्नु सरकारको दायित्व हो । पछिल्लो समय महिलामाथि हुने गरेका हिंसात्मक कार्यहरू दिन-प्रतिदिन बढ्दै गएको पाइन्छ । महिला माथि शोषण, दमन, यौन-दुर्व्यवहार र श्रमशोषण गर्न पाइँदैन, नारी-पुरुष समान हुन् भनेर आन्दोलन गरे पनि महिलाले हिंसाबाट मुक्ति पाउन सकेका छैनन् । यो अत्यन्त दुःखको कुरा हो । कतिपय ग्रामीण भेगका महिलाहरूलाई बोक्सीको आरोप लगाउने, कुटपिट गर्ने र बोक्सी भनेर समाजबाट बहिष्कार गर्ने जस्ता हिंसात्मक घटना हाम्रो समाजमा हुने गरेका छन् । बोक्सी भनि कसैलाई आरोप लगाउनु सामाजिक अपराध हो । यस्ता अपराधजन्य हिंसाहरुको अत्यन्त गर्नु आवश्यक छ । साच्चिकै महिला हिंसाविरुद्धको दिवस मनाउने हो भने वास्तविक हिंसामा परेका महिलाहरुलाई अभियानमा समेटिनुपर्छ । उनीहरुलाई अभियानमा समेट्दै आर्थिक र सामाजिक रूपमा सशक्त बनाउनुपर्छ । यसो गर्न सके मात्र उनीहरूमाथि परिवार र समाजका सदस्यले गर्ने हिंसाको अन्त्य हुन सक्छ । अन्यथा हिंसा ज्यूँका त्यूँ रहने र दिवसले सार्थकता प्राप्त गर्न नसक्ने हुन्छ । तसर्थ यसतर्फ सबैले ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network


चट्टान जस्तै मजबुत बन्ने कोशिस गर्दैछु ताकी
दुखाई मलाई होइन, प्रहार गर्नेलाई नै होस् ।
*(मधुमाया रानाको फेसबुक स्टाटस https://www.facebook.com/Madhumaya.rana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# दाना, छाना अनि नाना अर्थतन्त्रको आधार



**स्वयम्भुनाथ कार्की**

*मानवबाहेक अन्य प्राणीहरूको आधारभूत आवश्यकता सामान्यतया यही समाप्त हुने गर्दछ । तर मानवलाई त्यसपछि नाना पनि अत्यावश्यक तत्व हो । चाहे दाना, छाना, नाना भनियोस् वा गाँस, बाँस, कपास भनियोस् यी जीवनका निमित्त न्यूनतम आवश्यकता हुन् । यीनको अभावमा मान्छेको अस्तित्व कल्पना गर्न सकिन्न । भोकले आकुलव्याकुल खुला आकाशमुपन निःवस्त्र कुनै मान्छे भेटिँदा हुने अनुभूति सामान्य पक्कै हुँदैन । यसै अर्थमा दाना, छाना र नानाविनाको मान्छेको अस्तिवको कल्पना गर्न सकिन्न भनिएको हो । जुन वस्तु प्राप्त गर्न मूल्य लाग्छ श्रम लाग्छ त्यो वस्तु भविष्यको निमित्त, आफ्नाको निमित्त सञ्चय गर्ने गरिन्छ । यस किसिमले सञ्चय गरिएका वस्तुहरू र तिनीहरूको विनिमयले अर्थतन्त्रको अवधारणा जन्मन्छ ।*

हावा अर्थात् प्राणवायु सर्वत्र सजिलै उपलब्ध हुनुपर्ने र हुने आवश्यक तत्व हो । सर्वत्र र सजिलै उपलब्ध हुने भनिनाको अर्थ यसको अनुपस्थितिमा जीवनको अस्तित्व नै संभव छैन । केही समयको निमित्त कुनै स्थान विशेषमा उपस्थितिका लागि मान्छेले आफूलाई आवश्यक पर्ने प्राणवायु अक्सिजनको प्रबन्ध गरेर उपलब्ध नहुने स्थानमा जान सक्छ । यस्ता उदाहरण अपवाद हुन् । त्यसैले विनामूल्य विनापरिश्रम प्राप्त हुने जीवनको आवश्यक तत्व हावा हो । त्यसपछिका जीवनको निमित्त आवश्यक तत्व प्राणीले कमाउनुपर्दछ । कमाउनुको अर्थ त्यो प्राप्त गर्न श्रम गर्नु पर्दैछ, कर्म गर्नुपर्दछ । त्यो सुकर्म वा कुकर्म दुवै हुन सक्छ । निश्चितरूपमा यी तत्व प्राप्त गर्न गरिने कुकर्मले निर्धालाई पीडा दिने गर्दछ । त्यसैले समूहमा वा टोलीमा रहने प्राणीहरूमा स्वतः केही न केही नियम बनेका हुन्छन् ।

दाना अर्थात् भोजन भएपछि बासस्थानको आवश्यकता हुन्छ । हावा पछिको दोश्रो महत्वपूर्ण तत्व दाना अर्थात् भोजन हो । त्यसपछि छाना अर्थात् बासस्थानको आवश्यकता पर्ने गर्दछ प्राणीलाई । यो बासस्थानले प्राणीलाई रक्षा गर्ने गर्दछ, सुरक्षित भएको अनुभूति दिने गर्दछ । मानवबाहेक अन्य प्राणीहरूको आधारभूत आवश्यकता सामान्यतया यही समाप्त हुने गर्दछ । तर मानवलाई त्यसपछि नाना पनि अत्यावश्यक तत्व हो । चाहे दाना, छाना, नाना भनियोस् वा गाँस, बाँस, कपास भनियोस् यी जीवनका निमित्त न्यूनतम आवश्यकता हुन् । यीनको अभावमा मान्छेको अस्तित्व कल्पना गर्न सकिन्न । भोकले आकुलव्याकुल खुला आकाशमुपन निःवस्त्र कुनै मान्छे भेटिँदा हुने अनुभूति सामान्य पक्कै हुँदैन । यसै अर्थमा दाना, छाना र नानाविनाको मान्छेको अस्तिवको कल्पना गर्न सकिन्न भनिएको हो । जुन वस्तु प्राप्त गर्न मूल्य लाग्छ श्रम लाग्छ त्यो वस्तु भविष्यको निमित्त, आफ्नाको निमित्त सञ्चय गर्ने गरिन्छ । यस किसिमले सञ्चय गरिएका वस्तुहरू र तिनीहरूको विनिमयले अर्थतन्त्रको अवधारणा जन्मन्छ । यदि श्रम नगरी प्राणवायु जस्तै सित्तैमा, सहजै दाना, छाना र नाना पनि प्राप्त भइदिने भएको भए अर्थको कुनै अर्थ हुने थिएन । अर्थ नै नभएको अवस्थामा अर्थतन्त्रको अवधारणा नै सम्भव थिएन । अनि यी आधारभूत तत्व वा वस्तुहरूको निमित्त प्रयत्न आवश्यक नहुँदा विकास, प्रगति केही हुने थिएन ।

दाना, छाना र नानाको निमित्त आवश्यक वस्तुको संग्रह, सञ्चय गर्ने र विनिमय गर्ने प्रवृत्ति भएकले नै मानव समाज अन्य प्राणीको समाजभन्दा उन्नत र फरक छ । समाजिक ढाँचामा संरचनामा बस्ने अन्य प्राणी छन् जो खाना सञ्चय गर्दछन । अझ एक प्रकारका कमिलाहरू खेती पनि गर्दछन् तर यीनीहरू विनिमय गर्दैनन् । विनिमय गर्ने समाजिक ढाँचामा रहने हालसम्मको प्राणी मान्छे नै हो । संग्रहित उपयोगी वस्तुहरू सबै धन् हुन, आफूसँग अभाव भएको वस्तु आफ्ना संग्रहका अन्य वस्तुसँग साट्नु विनिमय हो । यस्ता विनिमयले नै अर्थतन्त्र निर्माण गर्दछन, अनि अर्थशास्त्रको अस्तित्व सामुन्ने आउँदछ । अर्थतन्त्र र अर्थशास्त्र एउटै होइनन् तर दुवै एक अर्काको पर्याय भन्ने धारणा धेरैमा पाइन्छ । अर्थतन्त्र आर्थिक इकाइको आर्थिक क्रियाकलाप हो भने अर्थशास्त्र ती अर्थतन्त्रहरूको अध्ययन गर्ने शास्त्र हो । अर्थशास्त्रले अर्थतन्त्रहरूको अध्ययन अनुसंधान गर्ने गर्दछ । ती अध्ययन अनुसंधानहरूको सहायताले अर्थतन्त्र सुधार्ने बाटा पहिल्याउँछ ।

नीतिहरू प्रतिपादन गर्दछ, निर्णय गर्ने क्षमता अभिवृद्धि गर्दछ । विभिन्न आर्थिक इकाइहरूको अध्ययन गरेर त्यहाँ भएका समस्या, विशेषता पहिल्याउने अनि समस्याका समाधानका बाटा दिने काम अर्थशास्त्रको हो । विषेशताहरूको थप विकास गरेर आर्थिक पक्ष सवल गराउने काम अर्थशास्त्रको हो । अर्थतन्त्र वास्तविक अभ्यास हो भने अर्थशास्त्र त्यसको सैद्धान्तिक आधार निर्माण गर्ने शास्त्र हो । आर्थिक इकाइको व्यक्तिदेखि परिवार हुँदै राष्ट्र अनि विश्वसम्म विस्तार हुन्छ भन्ने मान्यता पाइन्छ । व्यक्ति जब परिवारमा हुन्छ त्यसबेला सवैभन्दा सानो आर्थिक एकाइ परिवार नै हुन्छ व्यक्ति हुँदैन । परिवारमा भएका व्यक्तिका आर्थिक क्रियाकलाप व्यक्तिव्यक्तिका अलग हुँदैनन् । ती क्रियाकलाप परिवारका सबै सदस्यको सामूहिक हुन्छ । कुनै एक्लो परिवारविहीन व्यक्ति आफैँमा एक परिवार हो । किनभने अपवादबाहेक कुनै न कुनै समयमा उसले परिवार बनाउँछ । परिवार भइसकेपछि हरेक आर्थिकलगायत पक्रियाकलाप परिवारका साझा हुन्छन । पूर्वीय मान्यतामा परिवार एक इकाइ हो, प्रत्यक्ष कमाई हुने क्रियाकलाप गर्ने परिवारको सदस्यलाई उसका जीवन सहज बनाउन अन्य प्रत्यक्ष कमाई नहुने सदस्यले काम गरेको हुन्छ ।

परिवारको यही विशेषताले उनीहरूलाई एक अर्कामा स्नेह, प्रेम बन्धनले बाँधेको हुन्छ । यो बन्धनमा सबैको सबैप्रति कर्तव्य हुन्छ । अमिवा जस्तो आफ्नो शरीर भाग लगाएर दुई वा ज्यादा परिवारमा परिणत नभएसम्म सबै सदस्यहरूको काम कर्तव्य अनि अधिकार साझा हुन्छ । आर्थिक क्रियाकलापमै बलियाले निर्धालाई अन्याय गर्ने शोषण गर्ने विकृति पैदा हुन्छ । यो विकृतिलाई रोक्न अनि सबैलाई न्यायोचित वातावरण दिन समाजमा अर्को संरचनाको आवश्यकता हुन्छ । त्यो संरचना हो शासन, राज्य अनि शासक । अवधारणानुसार शासकको प्रमुख काम भनेको राज्यमा रहेका स्थायी वा अस्थायी नागरिकलाई अन्याय अत्याचारमा पर्न नदिनु हो । नागरिकहरू व्यक्तिवाचक संज्ञा र जनता समूहवाचक संज्ञा भएकाले नागरिकलाई सरलरूपमा जनता सम्बोधित गर्ने गरिन्छ । त्यसैले अन्याय अत्यचारबाट नागरिकको रक्षा गर्ने कर्तव्य हो । जनताको जीवन सरल बनाउने, उनीहरूको स्वास्थ्य, शिक्षा आदिको निमित्त काम गर्ने शासकको काम हो । शासकका, शासनका अ-आफ्नै तरिका हुन्छन् । ती तरिकाहरूको अध्ययन गर्ने, समस्याको समाधान खोज्ने काम गर्ने शास्त्र राजनीति शास्त्र हो । विभिन्न विचारक चिन्तकले राजनीतिका निमित्त प्रणाली निकालेका छन । ती सबैलाई तन्त्र प्रत्यय लगाउने गरिन्छ । दाना, छाना र नानाको निमित्त गरिने श्रम अर्थात कर्मले उपयोगी वस्तु संकलन हुन्छ । त्यो उपयोगी वस्तु मोलमा वा अन्य वस्तुको साटोमा हुने आदानप्रदानले अर्थतन्त्र पैदा हुन्छ । त्यो कर्म सुकर्म या कुकर्म दुवै हुनसक्छ । कुकर्मले अन्यप्रति अन्याय थिचोमिचो हुन्छ । त्यसैले कुकर्म रोकिनु पर्दछ त्यो रोक्न शासकको आवश्यकता हुन्छ । शासकले शासनमार्फत कुकर्म मात्र रोक्दैन, जनताहरूको उचित जीवनयापनका निमित्त पनि काम गर्दछ । यसका लागि नियम-कानुन आदिको निर्माण गरेर जनताको पालनपोषण गर्नु शासकको कर्तव्य हो । अनि जनताको जीवनयापनको निमित्त आर्थिक क्रियाकलाप आभारभूत आवश्यकता हो । राज्यले आफूमा रहेका सबै आर्थिक इकाइका अर्थतन्त्रको जर्गेना अनि सुधार गर्नुपर्ने हुन्छ । अनि यो सबै चक्रको आरम्भ भनेको दाना, छाना र नानाको जोहो नै हो भनेर सारसंक्षेप निकाल्न सकिन्छ । यो सारसंक्षेपले देखाउने कुरा के हो भने धेरै आर्थिक इकाइहरूको अर्थतन्त्रले अर्थशास्त्रको आवश्यकता हुन्छ । अर्थशास्त्रले अर्थतन्त्रहरूको समस्याको समाधान निकाल्दा त्यसलाई लागू गर्ने संरचनाको आवश्यकता हुन्छ । त्यसको निमित्त राज्य, शासक अनि शासनको अवधारणा पैदा हुन्छ । त्यो अवधारणाले गर्ने काम राजनीति हो ।

त्यो राजनीति सञ्चालन गर्न अनेकौं सिद्धान्त छन् र सबै सिद्धान्त नागरिकहरूको भलोको निमित्त प्रादुर्भाव भएको मान्यता हुन्छ । तन्त्र प्रत्यय लागेका यस्ता सिद्धान्तको अध्ययन, अनुसन्धान गरेर समस्याको समाधानका बाटा खोज्न राजनीतिशास्त्र जिम्मेवार छ भन्ने धारणा रहेको छ । सबैभन्दा माथि नागरिकहरूको हित हुन्छ र हुनुपर्दछ । त्यो हितको निमित्त अर्थशास्त्र र अर्थशास्त्रले पहिल्याएको समाधान लागू गर्न राजनीति हो । वर्तमान मान्यता अन्य सबै कुरा राजनीतिअन्तर्गत हुन्छन् भन्ने छ । तर, वास्तवमा दाना, छाना र नानाअन्तर्गत सबै रहेका हुन्छन् कि भनेर सोच्ने अवस्था भने आइसकेको छ । आर्थिक समस्यामा आधारित आन्दोलनले अन्य सबै कुरा परिवर्तन गर्न सकेको देखिन्छ । त्यसैले अर्थशास्त्रको अधिनमा अन्य सबै शास्त्र रहेका हुन्छन् । अनि अर्थशास्त्र भने व्यक्ति व्यक्तिको दाना, छाना र नानाको माग अनि आपूर्तिको अधिनमा रहेको हुन्छ । कौटिल्यले अर्थशास्त्रमा राजनीति निर्देश गरे । कार्ल मार्क्सले अर्थशास्त्रको आधारमा राजनीतिक वादको सिर्जना गरे पुँजी किताबबाट । सिर्जना गरे भन्नुभन्दा त्यसबेला भएको आर्थिक असन्तोषले पैदा गरेको धारणालाई सिद्धान्त दिए भन्न ज्यादा उपयुक्त होला ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतीहरूसँग जुध्नुपर्नेछ । | **तुला** :खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ । |
| **वृष** :प्रयत्न गर्दा लक्ष्य प्राप्त हुनुका साथै दिगो लाभ हुने काम प्रारम्भ हुनेछ। | **वृश्चिक** : साझेदारीबाट पनि फाइदा उठाउन सकिनेछ । |
| **मिथुन** :परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ। | **धनु** :पुराना कामको चर्चा हुनेछ भने नयाँ अवसर पनि प्राप्त हुनेछ । |
| **कर्कट** : नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ने हुनसक्छ। | **मकर** : चुनौतीहरू स्वतः हट्नेछन् भने अवसर तथा सफलताले पछ्याउनेछन्। |
| **सिंह** :धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ । | **कुम्भ** : गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ। |
| **कन्या** : नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । | **मीन** :परिस्थिति अनुकूल रहे पनि धनमाल हराउने डरले सताउन सक्छ। |

# साहित्य दर्पण

चिन्तन — अच्युत कोइराला

## गरिमा गुमाएको शब्द

सन् १९६० को दशकमा अमेरिकी अभियानकर्मी माल्कोम एक्सको अतिवादी सोचका केही पक्षपाति थिए, केही विरोधी । उनी गोरावादको चर्को आलोचक थिए । काला जातिका भएकाले उनले जीवनमा यति धेरै विभेद र कटुता झेलेका थिए कि कहिल्यै पनि उनी गोराहरूप्रति सकारात्मक हुन सकेनन् । एक पटक न्युयोर्कमा सभा थियो । त्यो सभालाई उनले सम्बोधन गर्ने कार्यक्रम थियो । एक जना गोरी युवती त्यो सभाकी स्वयंसेविका थिइन् । सभामा माल्कोमले चर्को चर्को शब्दमा गोराहरूको सत्तोसराप गरे । सभा सकिएपछि माल्कोमछेउ ती युवती पुगिन् र भनिन्, 'तपाईंका कुरा ज्यादै सुन्दर छन् तर गोराप्रति बढी नै आक्रोशित भएको पाएँ । सबै गोरा खराब हुँदैनन् नि !' जवाफमा माल्कोम एक्सले भने, 'तिमीले हेर्दा म कटु आलोचक देखिउँला तर सत्य त सत्यै हो । गोराहरू सामान्यत: कालाप्रति सकारात्मक छैनन् । म मानिसको कर्ममा विश्वास गर्छु, उनीहरूको सुन्दर धारणामा होइन ।' 'उसो भए भन्नुस्, म तपाईंलाई गोराप्रति सकारात्मक बनाउन कसरी सक्छु ?' युवतीले सोधिन् । 'मिस, तपाईं गोराहरू सबै खराब हुँदैनन् भन्ने भ्रम पालेर आउनु भएको छ । यस्तोमा तपाईंले केही गर्न सक्नुहुन्न । तपाईंमा अहं भरिएर आएको छ र मेरा अघिल्तिर सबै उस्तै हुँदैनन् भनिरहनु भएको छ । तपाईंलाई मेरो पीडा के थाहा ? जानुस्, पहिला विभेद सहेर आउनुस् ।' माल्कोमले निकै कडा शब्दमा ती युवतीलाई थर्काए । युवती पनि न्युयोर्कको लेनक्स एभेन्युको सभाहलबाट रूँदै बाहिरिइन् । पछि माल्कोम एक्सले आफ्नो आत्मकथामा लेखेका छन्, 'मैले उनलाई त्यो बेला तिमीले केही गर्न सक्दिनौँ भनेकामा खेद छ । मैले त्यसो भन्नु हुन्थेन । उनको अनुहार सम्झन्छु, नाम बिर्सिरहेको छु । उनको टेलिफोन नम्बर मलाई थाहा छैन । हुँदो हो त ! त्यो बेलाका मेरा अपशब्दप्रति म माफी माग्ने थिएँ ।' पछि गएर माफी किन माग्ने ? बरू पहिल्यै किन नसोच्ने ? आफ्ना शब्द किन ख्याल नगर्ने ?

कहिलेकाहीँ सोच्छु ! अमेरिकाका ३० औँ राष्ट्रपति केल्भिन कुलिज 'म्यान अफ फ्यु वर्ड्स'का रूपमा चिनिन्थे । उनी यति कम बोल्थे कि पत्रकारहरू उनको मौनता वा संक्षिप्ततामा वृहद् अर्थ खोजिहरहेका हुन्थे । उनी राष्ट्रपतिमा निर्वाचित भएपछि दिएको पहिलो भाषण जम्मा तीन प्याराग्राफको थियो । हुन पनि उनी त्यस्तो बेला अमेरिकी राष्ट्रपति बनेका थिए, जुन बेला पूरा मुलुक विविध किसिमका काण्डका लफडामा फँसेको थियो । यस्तो बेलामा उनले नबोलेरै काम गरी देखाए । बोलेर, गफ ठोकेर, नहुँदो आश्वासन बाँडेर आफ्नै वजन घटाउनुभन्दा बरू नबोली गर्नैपर्ने काम गरेर देखाउन उनी रूचाउँथे । त्यसैले उनी मध्यमवर्गीय अमेरिकीहरूका तारणहारका रूपमा त्यतिबेला चर्चित थिए । कहिलेकाहीँ सोच्छु ! कि त नबोलेर जित्नुपर्छ, बोल्ने नै हो भने शब्दको गरिमा राख्नुपर्छ । त्यसो हुँदा आउँदा पिँढीले शब्दको ओज खोज्न नयाँ शब्द बनाइरहनु नपरोस् । शब्दार्थमा जुन पहिरो गएको छ, शाब्दिक पर्यावरण जुन गतिमा क्षय भइरहेको छ, त्यसले यसको मर्ममा प्रहार गरेको त छँदैछ, भोलिका पिँढीले पनि उचित शब्दको उचित अर्थ फेला पार्ने छैनन् । फेरि कहिलेकाहीँ सोच्छु कि, उचित शब्द के हो त ? यो कसरी प्रकट हुन्छ ? शब्दले कसरी शक्ति प्राप्त गर्छ ? विद्वानहरू भन्छ, उचित शब्दले मर्ममा प्रहार गर्छ । यसरी प्रहार गर्छ कि मान्छे रन्थनिन्छ । भलै कसैले ठट्टामा केही भनेको होस्, त्यो शब्दले यति शक्ति उत्पन्न गर्छ कि त्यसले अदृश्य कुरालाई पनि दृश्यमान बनाइदिन्छ । यसका लागि एउटै उदाहरण काफी छ र म कहिलेकाहीँ १९८६ अप्रिल १ को दिन सम्झन्छु । त्यो दिन अर्बपति व्यवसायी रिचर्ड ब्रान्सनलाई अप्रिल फुल मनाउन मन लाग्यो । त्यसका लागि उनले म्युजिक विक पत्रिकामा मेरो नयाँ प्रोडक्ट भन्दै, यस्तो सानो गोजीमा अटाउने भाँडोको परिकल्पना गरेका थिए, जसमा सयौँ गीतहरू अटाउन सकोस् । त्यस किसिमको भाँडो बनाउन ब्रान्सनको कम्पनी भर्जिन रेकर्डस्ले काम गरिरहेको भन्दै त्यो कस्तो हुन्छ भन्नेबारे मिहिन रूपमा चर्चा गरेका थिए । त्यो बेला यो ठट्टा नै थियो किनभने क्यासेट चक्काको त्यो बेला निकै चल्ती थियो । सोखिनहरूका लागि एलपी रेकर्डहरू पनि उत्तिकै चलिरहेका थिए । सोनीले निकालेको वाकम्यान एक दशकदेखि नै हिट भइसकेको थियो । यस्तो अवस्थामा संगीत क्षेत्रमा नयाँ भाँडो केही चाहिएको थिएन । तर ब्रान्सन भने ठट्टा नै सही, जिकीर गरिरहेका थिए, एउटा सानो डिजिटल म्युजिक सिस्टमको आवश्यकता छ र त्यसमा हामी काम गरिरहेका छौँ। अरू कसैले त्यो काम गर्न सक्दैन । ब्रान्सनका लागि त्यो अप्रिल फुलको ठट्टा थियो । भर्जिन रेकर्ड्सका कर्मचारीहरूले यस ठट्टामाथि महाठट्टा गर्न नयाँ प्रोडक्ट घोषणाको पार्टी दिए । ब्रान्सनले लेखेका मिहिन शब्दहरूले अरू कसैलाई च्वास्स च्वास्स घोचिरहेको थियो र ती व्यक्ति थिए, स्टिभ जब्स । उनले त्यो लेखनलाई गम्भीरतापूर्वक लिए । आफैँले स्थापना गरेको कम्पनी एप्पलबाट निकालिएका जब्सले एप्पललाई 'देखाइदिन' भनेर त्यसको नक्कल गर्दै 'नेक्स्ट' कम्पनी स्थापना गरेका थिए । हाते डिजिटल म्युजिक सिस्टमजस्तो केही नयाँ प्रडक्ट ल्याएर उनी तहल्का मच्चाउन चाहन्थे । उनले ब्रान्सनका ठट्टा रूपी शब्दमा एउटा व्यापक व्यापारको सम्भावना देखे । पछि 'नेक्स्ट' घाटामा गयो र कम्पनी एप्पललाई नै बेच्नु पर्यो । पछि उनी एप्पलका प्रमुख कार्यकारी भएर आए । कम्पनीमा पुन: नियुक्ति पाएलगत्तै उनले सोही डिजिटल म्युजिक सिस्टममा काम गरे र बजारमा जुन प्रडक्ट आयो, त्यसको नाउँ थियो: आइपड । आइपडले संगीत उद्योगलाई नै परिवर्तन गरिदियो । त्यति मात्र होइन, घाटामा चलिरहेको एप्पल कम्पनीको सञ्जीवनी बुटीसमेत त्यही आइपड रहेको प्रमाणित भयो । कहिलेकाहीँ सोच्छु ! शब्दको शक्ति कति सशक्त हुन्छ ! कसैका लागि त्यही शब्द हावा, उडन्ते, काम नलाग्ने, वाहियात हुन्छ तर विश्वासीहरूका लागि त्यही सञ्जीवनी बन्न पुग्छ । फेरि कहिलेकाहीँ सोच्छु ! शब्दको शक्ति कति हुन्छ भने, तिनै शब्दका कारण गृहयुद्व, जनयुद्व, धनयुद्व अनेकन् युद्धहरू हुन्छन् । शब्दले नै चरम निराशा चिरेर सारा जनतालाई जुरूक्क उठाउँछ । ईशापूर्व ४३१ मा शक्तिशाली स्पार्टाले सानो छिमेकी एथेन्सविरूद्ध युद्धको घोषणा गर्यो । एथेन्समा त्यो बेला परिकल्स नामको नेता थियो । ऊ नेताहरूमध्ये कनिष्ठ नै मानिन्थ्यो । तर उसको भाषण गर्ने तरिका र शब्दमार्फत हान्ने वाण निकै कडा थियो । उसका शब्दमा यस्तो जादु थियो कि शक्तिशाली स्पार्टालाई कसरी थेग्न सकिएला भनेर निराश भएका जनतासमेत लड्न भिड्न तयार भए । पेरिकल्सकै कारण स्पार्टाविरूद्ध एथेन्सले २७ वर्ष असम्भव युद्व लड्यो । तर कहिलेकाहीँ सोच्छु ! अचेल शब्दले गरिमा गुमाएको छ । प्राचीन ग्रिसेलीहरू अक्षरलाई पवित्र चिज मान्थे । ईश्वरलाई केही पवित्र चिज चढाउनु पर्दा केही लेखेर (अक्षरहरू) चढाइन्थ्यो । अचेल शब्द र वाक्यमा रहेको त्यो पवित्रता गुमेको छ । शब्दमाथिको ज्यादति बढेको छ । सोही ज्यादतिका कारण शब्दले आफ्नो शक्ति गुमाएको छ । यसको शक्ति क्षीण र लुप्त मात्र भएको होइन कि गरिमा नै गुमेको छ । त्यसैले त अहिले हरकोही कुनै कुनामा उभिएर बोल्न थाले भने तिनीहरूले शब्द मात्र बोलिरहेका हुँदैनन्, तिनले लगभग चिच्याएर आफूले भनिरहेका कुरामा अति जोड दिइरहेका हुन्छन् । जब शब्दसँग व्यवहारको तालमेल मिल्दैन, यसको ओज गुम्छ, त्यो बेला मानिसले ओज बढाउन स्वर चर्को बनाउनुपर्ने हुन्छ । हरकोही आफ्ना कुरा सुनिएनन् भनेर तीखा, चर्को शब्दहरू प्रयोग गरिरहेका हुन्छन् ।

कतै पढेको थिएँ  
शब्द शक्ति हो  
शक्ति यदि हो भने  
बोल्नुअघि तिनलाई  
तीन वटा द्वारबाट छिराउनु  
छिर्न सक्छन् ?  
तिनलाई सत्यको द्वारबाट छिराउनु  
के ती शब्दमा सत्यता छ ?  
तिनलाई कसी लगाउनु  
के त्यो भन्न जरूरी छ ?  
तिनलाई गहन तरिकाले सोच्नु  
तिनमा करूणाको घोल छ ?  
यसपछि शब्द ओकल्नु त परै जाओस्  
ओठबाट फुत्कने पनि छैन  
मानौँ कसैले सापटी लगेर  
फिर्तै नदिएको होस्, आफैँसित राखेको होस्

कहिलेकाहीँ सोच्छु ! यत्ति बुझेपछि बकबक गर्नु त परै जाओस्, कसैलाई बोल्न पनि गाह्रो हुनेछ । यस्तो बेलामा मलाई एउटा हलिउड फिल्म 'अ थाउजेन्ड वर्ड'को सम्झना हुन्छ । जहाँ एउटा बकबके ज्याक (एडी मर्फी), डा. सिन्जा (क्लिफ कर्टिस)सँग पुस्तक प्रकाशनका लागि सम्झौता गर्न जान्छ । सम्झौतापछि डा. सिन्जाले चार पाने पुस्तक थमाउँछन् र भन्छन्, 'संसार बुझ्न ठेलीका ठेली पढ्न आवश्यक छैन, सीमित कुरा बुझे पुग्छ ।' डा. सिन्जाले बकबके ज्याकलाई के पनि भन्छ भने, 'तिमी धेरै नबोल्नू । एक हजार शब्दपछि तिम्रो मृत्यु हुँदैछ ।' ज्याकले पत्याउँदैन । नभन्दै एक हजार शब्द पुग्नै लाग्दा उसलाई जीवनको वास्तविकताहरू थाहा हुन थाल्छ । मृत्यु हुनै लाग्दा बकबके ज्याकलाई आफूले अनावश्यक रूपमा कति शब्दहरू खेर फालेछु भन्ने पछुतो हुन्छ । बकबके जीवनमा भन्नैपर्ने शब्दहरू नभनिएका र नभनिनुपर्ने वा चुप लाग्दा पनि हुने बेला चुप नबसिएकामा उसलाई पश्चाताप लाग्छ । कहिलेकाहीँ सोच्छु ! अहिलेका सारा बकबककहरू शब्दको शक्ति नबुझ्नाले भएका हुन् । सारा फसाद र अप्ठेरोपन शब्दको दुरूपयोगले निम्त्याएका हुन् । जुन दिन हामीले शब्दको शक्ति बुझ्छौँ, त्यसै क्षणबाट हामीले संसारलाई कल्याण गर्न थाल्छौँ ।

*-साहित्यपोष्ट डटकम*

कथा — अर्जुन यावा

## माटो

घरका वरिपरि गमलामा फूल लगाउने भनेर श्रीमतीले एकबोरा जति माटो ल्याइमागेकी धेरै भयो । माटो 'कालो कालो होस् है' भन्थिन् । 'कालोमाटो मलिलो हुन्छ' भन्छे ऊ । रातोमाटोमा फूल सप्रिँदैन' रे । 'फूल रोप्न चिम्टे माटो त झन कामै लाग्दैन' भन्छे । 'रूखका पातहरू मिसिएको, पातहरू मिसिएर त्यहीँ कुहिएको माटो राम्रो हुन्छ' भन्छे । फूलकै लागि भनेर बिहान-बिहान पिउने चियाको छोक्रा पनि भेला गरिराखेकी छ उसले । 'ल ल, ल्याइदिउँला' भनेको धेरै भइसकेको थियो । 'आखिर माटो नै त हो । ल्याउँदिउँला नि !' भनेको छु । ल्याइदिन्छु ।

कोपा

माटोको कुरा गर्दा म पापा र कोपालाई खुब सम्झन्छु । कोपा पनि घरका वरिपरि फूलहरू भएको खुब मन पराउनु हुन्थ्यो अरे । बेला-बेला पापाले सुनाउनु हुन्थ्यो । पापाले 'कोपा ब्रिटिश आर्मी' भन्थे । कोपाको खुब गुनगान गर्थे पापा । भन्थे- 'तेरो कोपा बढो पराक्रमी थिए । वीर थिए । लडाइँमा दुश्मनहरूलाई छ्वाम-छ्वाम छिनाएका'रे । कोपाका गाउँले साथीहरूले पछिसम्म पनि कुरा गर्थे । बुझिस्, तँ पनि कोपाजस्तै हुनुपर्छ । देशका लागि लड्नुपर्छ । यो धरती माताका लागि लड्नुपर्छ । देशको माटोका लागि लड्नुपर्छ ।' कोपाको झझल्कोसम्म त्यति राम्रो छैन । भित्तामा झुण्ड्याइएको 'ब्याक एण्ड वाइट' फोटोमा देखाएर पापा भन्थे- 'यो तेरो कोपा हो । दोस्रो विश्वयुद्धपछि अवकाश पाएर फर्किएका । आएको दुई महिनापछि खिचेको फोटो हो यो ।' छेउमा झुण्ड्याइएको अर्को फोटो देखाएर भनेका थिए पापाले- 'यसमा चैं ई, यो छेउको हो कोपा । कोपाको छेउको चैं दार्जीलिङका पल्टने साथी'रे । राजमान राई भन्थे तेरो कोपाले । खुब मिल्ने रे !' आर.एम. राई दुवैको नाम पनि एउटै-एउटै भएकाले सबैले राम-लक्ष्मण भन्थ्यो'रे । आर.एम. अर्थात् राममान र राजमान । बिचारा! देश-विदेश खाएर आयो । संसार जितेर गोर्खाको नाम कमाएर आयो । बुढेसकालमा आफ्नै ठाउँमा अर्काले मार्‍यो राजमानलाई भन्थे तेरो कोपाले ।' मलाई अचम्म लाग्थ्यो त्यो बेला । विश्वलाई जित्ने कोपा र कोपाका साथी कति बलिया थिए होलान् जस्तो लाग्थ्यो । त्यो सबै कुरा पछि बुझें । बुझेपछि त आफैसित लाज लाग्थ्यो । 'पापा ! कोपाको साथीलाई कसले मारेको ! रे ?' पापालाई सोधिरहन्थें । 'स्यापीले हौ ।' पछिपछि दिक्का लाग्नथालेछ पापालाई, झर्किएझैं भन्थे । त्यो पनि बिस्तारै बुझ्दै गएँ- ज्ञढडट-मा गोर्खाल्याण्ड आन्दोलनमा मारिएका रहेछन् । अहिले सम्झन्छु- 'विश्वलाई जित्ने पराक्रमी गोर्खा भनेपछि विश्व नै डराउने । त्यही गोर्खाले 'ल्याण्ड'-को लागि लड्नुपर्ने । त्यै पनि आफ्नै 'ल्याण्ड'-मा । आफ्नै माटोमा । लडेर केही त प्राप्त हुनुपथ्र्यो नि । बिचारा कोपाका साथीले आफैलाई गुमाए । जुन माटोका लागि लडे आखिर त्यही माटोमा मिले ।' म कोपालाई सम्झने प्रयास गर्छु । अहँ, ठ्याम्मै सम्झन सक्दिनँ । कोपाको जवानीको फोटो हेर्छु । पापाको फोटो हेर्छु । दुवै एउटै लाग्छ । पापासितका झझल्कोहरू आँखाभरि नाचिरहन्छन् । कोपालाई फोटोमा प्रत्येक दिन हेरेर पनि उनीसितका सम्झनाहरू नाच्दैनन् आँखामा । घरदेखि तल छ कोपाको कपुर । सिमेण्टी गरिएको । वर्षमा एकपल्ट आमाले झारहरू उखेलेर सफा गरिदिनुहुन्छ ।

राजवीर

हाम्रो घरदेखि तल पर्छ राजवीर मामाको घर । गोर्खा राइफलमा पाँच-सात वर्ष नोकरी खाएका भन्छन् । छुट्टीमा आएर नफर्किएपछि तीनपल्टसम्म चिठ्ठी आउँदा पनि नगएका रे ! खोजेर घरैमा लिन आउँदा गाउँबाटै भागेका रे ! । भागेर यता आइपुगेका भन्छन् गाउँकाहरू । पछि यतै घरबार गरेछन् । उता गाउँमा जेठी स्वास्नी, छोरा-छोरीहरू छोडेर आएका रहेछन् । 'यता आएर यतै घरबार बसाइयो । त्यसपछि कहिल्यै फर्किन सकिएन, जानु पनि कुन मुख लाएर जानु र!' भन्थे उनी । भन्थे- 'माया त लाग्छ नि अझै तिनारको । भाग्येमै यस्तै रहेछ । परिस्थितिले जता ठेल्यो उतै ढकेलिनुपर्दोरहेछ, अब त जेठाको त नाति भइसक्यो भनेको सुन्छु भन्दा-भन्दा उनको अनुहारमा बादल छाउँछ । माया लागेर मात्रै नहुँदो रहेछ' भन्थे उनी । दुइ भाइ छोराहरू 'जग्गा-जमीन बण्ड गर्नुपर्ने भयो, बाउ नभइ नहुने भयो' भनेर खोज्दै आएका थिएछन् । 'अर्को सालतिर आउँला' भनेर फर्काए पनि अहिलेसम्म जान सकिनँ' भन्थे राजवीर मामा ।

कोही बेला खेताला जाने, कोही बेला ठेक्कामा लिएर अर्काको घर बनाउने, कोही बेला काठको व्यापार गर्ने, कोहीबेला ढुङ्गा, गिटी, सिमेण्ट बोक्ने, कोहीबेला खोलाबाट चिसो बलुवा निकालेर बोक्ने । दु:ख र परिश्रमको परिभाषा राम्ररी बुझेका छन् रामवीर मामाले । भाग्य र परिस्थितिलाई स्वीकार गर्ने उनी कर्म गर्नु कहिल्यै पछि नहट्ने । सात वर्ष भयो उनी ओछ्यान परेको । थलै परेका हुन् कुँजे भएर । कामले लखतरान परेका उनी पहिले-पहिले थोरै-थोरै पिउँथे । पछिबाट निक्कै पिउन थालेका थिए । पिएरै राती घर फर्किरहेका समय रातो माटोमा खुट्टा जिप्टिन्छ भन्ने होश हराएपछि बिहान घाँसमा जानेहरूले भेटेका थिए उनलाई । त्यसपछि डाक्टर, अस्पताल, गुरुजी, माता, बैदाङ कहाँ-कहाँ र कस-कसकोमा पुराएनन् होला छोराहरूले । तर शरीरलाई उनकै शरीरका अंगहरू साथ छोडदिए । दुई खुट्टा र दुई हात, चल्नै छाडे । होसमा आएदेखि बोली पनि आफैआफ हराए । अनि त भर्खर-भर्खर टग्रिँदै गरेका छोराहरू बाबुको बैशाखी बन्नु परेको थियो । कुतियाखेत कमाउन आमालाई साथ दिनु परेको थियो । सानाहरूलाई दुई अक्षर चिन्ने बनाउनु थियो ।

रोशन

राजवीर मामाका जेठा छोरा हुन् रोशन । भर्खरै दुइजनाको बाबु बनेका थिए । एक छोरा र एक छोरीका पिता । निजी कम्पनीमा काम गर्थे । नजिकै ससुराली बनाएका थिए । बाउलाई पछ्याएरै हो कि, थोरै पिउन पनि थालेका थिए । तर, परिश्रम पनि उत्तिकै गर्ने । पिएर कसैको केही नबिगार्ने । गोजीमा दुई-चार रुपियाँ भए लोभ नगरी अरूलाई खुवाउने । पिएकै जोशमा कहिलेकाहिँ भन्थे- 'मरेर केही लानु छैन ।' साँच्चै मरेर लानै त कसले सकेको छ । एकदिन अचानक खबर फैलियो गाउँभरि- 'रोशन त खसेछ ।' दुई वर्षदेखि निक्कै पिउन थालेको उ कहिलेकाहीँ अचानक टाउको दुखेर हुरुक हुरुक हुन्छ भनेर खुब सुर्ता गर्थी उनकी श्रीमती । निजी कम्पनी मै काम गर्ने भएपनि खुब रुपियाँ कमाउने । कमाएपनि तर लट्रीमा उत्तिकै उडाउने । गाउँका ठूलाहरूले- 'यत्रो कमाउँछस, अलिक जोगाड पनि गर है' भन्दा 'एत्, केलाई साँच्नु हौ । यत्रो दु:ख गरेर कमाको, मज्जाले खानुपर्छ, लाउनुपर्छ । इन्जोय गर्नुपर्छ । मरेर के लानु छ हौ !' भन्थे । साँच्चै उसले केही नलगी गयो । एक्लै गयो । एउटा बालखै छोरा, एउटी दुधमुखे छोरीको जिम्मा आफ्नै श्रीमतीलाई लाएर । न कहिले सोच्यो, न जानेबेला सोच्नसक्यो- 'एक्लै भइभने यसले दुई-दुइटालाई के खुवाउँछे' भनेर । उ गयो । एक्लै गयो । केही नलगी, सबै छोडेर गयो ।

वेदना

रोशनको मृत शरीर घर ल्याइपुर ल्याइयो । गाउँका साना-ठूला सबै थुप्रिए । दुइकोठे सानो घर । भान्साघर बाहिर अलग्गै छ । घरको एउटा कोठामा लम्पसार छन् कुँजे (प्यारालाइज) बाबु । अर्को कोठामा छ रोशनको मृत शरीर । बल्ल अलिअलि बोल्नसम्म सक्ने भएका बाबु राजवीर आँखाबाट आँसुका बलिन्द्र धारा बगाउँदै भन्दैथिए- 'म जानेबेला यो गयो । मेरो यस्तो अवस्थामा मैले यसैलाई अघि लाउनुपर्ने । भगवानले पनि अन्याय गर्‍यो मलाई ।' मृत छोराको छेउमा बसेर हड्डी र छाला भइसकेकी आमा छाती पिटी-पिटी रोइरहेकी थिइन् । भन्दैथिइन्- 'तैले के गरिस् नि रोशन ।' भाइहरू ट्वाल्ल परेका थिए । के गर्ने, के भन्ने सायद बुझिरहेका थिएनन् । दुई छोरा र छोरी दुईपट्टि राखेर अर्धबेहोस अवस्थामा थिइन् सम्झना । सम्झाउनेहरूले आमा-बाउ, बुहारी सबैलाई सम्झाइरहेका थिए ।

चिहान

बाहिर बूढापाकाहरू भेला भइसकेका थिए । कसैले भन्यो- 'लु लु, समय निकै गइसक्यो । अब छिटो गर्नुपर्छ ।' 'अब लाश पो कहाँ राख्ने हौ ?' एकजनाले सोध्यो । 'तै त कहाँ राख्नुपर्ने ?' अर्काले थप्यो । 'गाउँ-समाजहरू बोलौं है, के गर्नुपर्ने हो ।' आँगनको पल्लो कुनामा थ्याच्च बसिरहेका एकजनाले भने । अब बाँचिञ्जेल समाजका लागि पर्दा कहिल्यै नाइ नभन्ने । मरेपछि अब समाजले नै टुङ्गो त लाउनै पर्‍यो होला ।' सबैलाई समेट्दै एकजना आधाबैंसेले भने । समाजका लागि जसले जतिसुकै गरेका भएपनि समाजले उसलाई राख्ने ठाउँ पाएन । भनौं, दिनसकेन । अन्तत: घरकी आमा, माइला र कान्छा छोराहरू, जेठी बुहारीहरूको खोजी हुनथाल्यो । 'अब बाउलाई त के सोध्नु, रोशनआमा के गर्ने ? कसैलाई जग्गा माग्ने हो कि !' माइला बाङाले सोधे । अरू बूढाहरूभन्दा उमेरले थोरै सानै भए पनि अरूभन्दा निक्कै बाठो मानिएका हुन् समाजमा माइला बाङा । अप्ठ्यारो पर्दा बूढाहरूले उनैलाई अघि सार्छन् । बोलीमा उनीजति भाँती पुराउने अरू छैनन् यो गाउँमा भन्छन् सबै । माइलालाई बाङा बोलेपछि अरूले पनि च्याप्दैलगे । अनि त भित्रै भासिएला जस्तो भइसकेको स्वरमा रोशनकी आमाले भनिन्- 'खै, म त के भन्नु ! तपाईंहरूलाई थाहै छ । हाम्रो के छ र यहाँ । यो बसेको घरबारी त अर्काको । आफ्नो घडेरीसम्म नहुनेले... ।' रोशनआमाको स्वर बोल्दाबोल्दै तलक्क कतातिर पसिगयो । थोरै सास तानेर अरूको अनुहार नहेरी बलैले 'अब घरबारी मालिकलाई नै भन्नुपर्ला । यत्रो वर्षदेखि यहीं छौं । यहींको खेतबारी कमाउँदा कमाउँदै पाखुरी गयो । नसकी-नसकी भएपनि कमाइरहेकै छौं । एउटा चिहान राख्न न देलान् नि !' भनिन् । सबै चुपचाप भए । घरबारी मालिक आएकै थिएनन् । दुई चारजनाको सल्लाहपछि घरआमा नै जानुपर्ने भयो । गइन् सानो छोरालाई साथ लाएर । साथ दिन गए ठूल्बा । ठूल्बा अर्थात् गाउँका सबैको ठूलाबा । काकाले अघि नै सबै सुनिसकेका थिए । काका अर्थात् सबैको काका, घरबारीका मालिक । काकाले ठुल्बासित आएकी रोशनकी आमालाई नबुझे झैं सोधे- 'के भन्न आयौ ?' 'रोशन अचानक खस्यो । अब हाम्रो त जो भने पनि तपाईं नै हो । त्यसलाई राख्ने सानो ठाउँ माग्न आएको काका ।' घरबारी मालिकले एकैवचनमा 'कहाँ हुन्छ, हुँदैन' भनेर फर्काइदिए । 'एकबोतल रक्सी राखेर बिन्ती पो बिसाउनुपथ्र्यो त । आफ्नो माटो, त्यतिकै कसले दिन्छ त !' उल्टै हपारे बूढाहरूले रोशनकी आमालाई । 'अघिबाटै भनिदिनुभए हुन्थ्यो । आफू त लाटी मान्छे । कहिले परेको भए त । यो बेला मेरो त होसै भएन ।' रोशनआमाले जवाबमा यति भनिन् । अन्तमा सबैले सल्लाह गरे अनि पुर्‍याए खोलाको बगरमा ।

माटोको कथा

श्रीमतीलाई मैले फूल रोप्ने माटो ल्याइदिन सकेको छुइनँ । नसोचेको होइन । नचाहेको होइन । माटो ल्याउन भनेर धेरैचोटि नहिँडेको पनि होइन । बाटैमा कहिले कसले, कहिले कसले कहिले के त कहिले के भनेर त्यतिकै भुलाइदिँदा रहेछन् । माटो सम्झेरै बालुवा र ढुङ्गाले बनाइएको थियो रोशनको चिहान । थाहा छैन, अहिले छ कि छैन । सायद बगाइसकेको हुनुपर्छ भेलबाढीले । बगाइसक्यो होला खोलाले चिहान । आखिर बगर न हो । आफ्नै माटोको लडाइँमा आफ्नै माटोमा विलिन भएका थिए हाम्रा कोपाका फौजी साथी राजमान । आफू सकिए पनि वर्षौंदेखि लड्दै आएको राजमानहरूको युद्ध अझै सकिएको छैन । उनीहरूका नाति-पनातिहरू भने अहिले 'माई ल्याण्ड, माई राइट' नारा लगाउँदैछन् भनेको सुन्छु ।

*-समकालीन साहित्य डटकम*

# प्रसाई समर्थकको ठाउँ–ठाउँमा अवरोध



**पाल्पा,** मंसिर ८/मेडिकल व्यवसायी दुर्गा प्रसाई समर्थहरुले शुक्रबार उपत्यकाका ठाउँ-ठाउँमा अवरोध गरेका छन् । उनीहरुले पक्राउ परेकाहरुको रिहाइको माग गर्दै ठाउँ-ठाउँमा अवरोध गरेका हुन् ।

प्रशासनले रोक लगाएको स्थानमा प्रदर्शनको कोसिस गरेपछि प्रहरीले दुर्गा प्रसाईंका केही समर्थकहरुलाई राजधानीको विभिन्न ठाउँबाट पक्राउ गरेको छ । हालसम्म ७४ जना पक्राउ गरेको प्रहरीले जनाएको छ । काठमाडौंको तीनकुने, गौशाला, स्वयम्भू लगायतका क्षेत्रबाट उनीहरू पक्राउ परेका हुन् । प्रसाईंलाई भने स्थानीय प्रशासनले घरबाहिर निस्कन 'रोक' लगाएको छ । निषेधित क्षेत्रमा कार्यक्रम गर्ने, सामाजिक सद्भाव भड्काउने लगायतका क्रियाकलापमा संलग्न हुन खोजेको भन्दै स्थानीय प्रशासनले उनलाई घरबाट बाहिर निस्कन रोक लगाएको हो ।

# कचलका पहिरो पीडितलाई काँग्रेसको सहयोग



**पाल्पा,** मंसिर ८/नेपाली काँग्रेस तिनाउ गाउँपालिका पाल्पाले पहिरो पीडित परिवारलाई राहत सहयोग गरेको छ । काँग्रेसले गत साउनमा अविरल वर्षाका कारण गएको पहिरोले घर खेतमा क्षति पुऱ्याएका तिनाउ गाउँपालिका-१ कचलका परिवारलाई आवश्यक राहत सामग्री सहयोग गरेको हो ।

पार्टीका जिल्ला सभापति हिमालदत्त श्रेष्ठ, काँग्रेस तिनाउ गाउँपालिकाका सभापति प्रेम पाण्डे लगायतको टोलीले घरमै पुगेर यहाँका ५ घर परिवारलाई चामल, नुन तेल र सुत्ने, ओढ्ने लत्ताकपडा सहयोग गरेको छ । राहत सामग्री वितरण गर्दै नेपाली काँग्रेस जिल्ला सभापति श्रेष्ठले दुखको बेलामा केही भएपनि राहत दिलाउन काँग्रेस पिडितको घरमा आएको बताए । उनले प्राकृतिक विपत्तिमा परेका जनताहरुसँगै नेपाली काँग्रेस पनि सँगै रहेकाले दुखमा नआत्तिन पहिरो पीडितहरुलाई सान्त्वना दिएका छन् । काँग्रेसले सुरक्षित आवासका लागि सम्बन्धित निकायसँग समन्वय गरिदिने समेत सभापति श्रेष्ठले बताए । उनले केही दिन अघि जाजरकोट र रूकुम पश्चिममा गएको भूकम्पबाट प्रभावितहरुका काँग्रेसले एकद्वार प्रणालीको माध्यमबाट ५० लाख राहत कोषमा रकम जम्मा गरेको र अहिले काँग्रेस नेता प्रदिप पौडेलको नेतृत्वमा एक हजार अस्थायी टहरा निर्माणमा जुटेको समेत बताए । अविरल वर्षाका कारण घर माथिबाट आएको पहिरोले कचलका दिलबहादुर बगाले, भिमबहादुर उचाइँ, दिलबहादुर बगाले, पूर्णबहादुर सोमै, रामबहादुर अर्घाली र चन्द्रबहादुर गाहाको घर र खेतबारीमा ठूलो क्षति पुगेको थियो । राहत वितरण कार्यक्रममा तिनाउ गाउँपालिका उपाध्यक्ष लालबहादुर थापा, तिनाउ-१ का वडा अध्यक्ष भुवनसिंह चिदी, काँग्रेसका जिल्ला सदस्य माधव पाण्डे, प्रदेश सदस्य सुरेश पौडेल, काँग्रेस युवा नेता किशोर पंगेनी, नेपाली काँग्रेस क्षेत्र नं २ प्रदेश क (ख) का सचिव पदमलाल शाक्य, नेपाली काँग्रेस तिनाउ-१ का वडा सभापति हस्तबहादुर रास्कोटी, तिनाउ-२ का वडा सभापति दुर्गाबहादुर थापा, तिनाउ-३ का वडा सभापति निर्मल बस्याल, तिनाउ-४ का वडा सभापति देवसिं दर्लामी, तिनाउ-५ का वडा सभापति यमबहादुर रास्कोटी, नेपाल शिक्षक संघका भेषराज पोखरेल, काँग्रेस नेता शिव पाण्डे लगायतको उपस्थिति रहेको थियो । काँग्रेस पालिका सभापति प्रेम पाण्डेको अध्यक्षता, जिल्ला सदस्य विष्णु पाण्डेको सञ्चालनमा राहत वितरण कार्यक्रम भएको थियो ।

# भारतीय तरकारीले बजार...

...न्यौपानलेले दस रोपनी जमिनमा लगाएको चार टन अदुवा बिक्री गरेर अघिल्लो वर्ष तीन लाख ५० हजार आम्दानी गरेका थिए । उनको छोरी समीक्षाले प्राविधिकतर्फ तीनवर्षे बाली विज्ञान पढ्दै आएकी छन् । बाबाले गरेको कामको सम्मानका लागि र राज्यले कृषि क्षेत्रमा गरेको लगानी सदुपयोग गर्न आफूले कृषि प्राविधिक विषय रोजेको उनको भनाइ छ । समीक्षाले यस क्षेत्रमा कृषिको प्रचुर सम्भावना भए पनि सिँचाइको असुविधा र भारतीय तरकारीले बजार खाँदा समस्यामा परेको गुनासो गरिन् । 'हामीले उत्पादन गरेका तरकारी विषादीरहित र गुणस्तरीय छन्', समीक्षाले दुखेसो पोखिन्, 'हाम्रो उत्पादन बजार पुग्दा भारतीय तरकारी पनि सस्तोमा बजारमा आउँछ, अनि हामी पनि सस्तोमा बिक्री गर्न बाध्य हुन्छौं । यसैले नेपालका व्यावसायिक कृषकलाई टिकाउन भारतीय तरकारी विस्थापन गर्नुपर्छ ।' त्यस्तै वालिङ नगरपालिका-५, पित्लेकका हुमनाथ लामिछानेले जिल्लामा सफल कृषकको पहिचान बनाएका छन् । शिक्षण पेसा बीचमै छोडेर व्यावसायिक तरकारी खेतीमा लागेका उनले पनि भारतीय सस्तो तरकारीका कारण आफूहरु मारमा परेको गुनासो गरे । लामिछानेले गोलभैँडा, काउली, बन्दा, काँक्रो, सिमी, बोडी, अकबरे खुर्सानी लगायत तरकारी लगाउँदै आएका छन् । उनको फार्ममा पाँच सय ५० बोट सुन्तला, तीन सय बोट कफी, १८ घार माहुरी र गड्यौला समेत छन् । लामिछानेले फार्मबाट वार्षिक १२ लाख बराबरको कृषिउपज विक्री हुने गरेको भन्दै खर्च कटाउँदा आठ लाख बचत हुने गरेको जानकारी दिए । उनले गड्यौलाबाट उत्पादित मल भने आफ्नै तरकारी बारीमा प्रयोग गर्दै आएका छन् । लामिछानेका छोरा सन्तोषले भारतीय तरकारीले ठूलो मात्रामा तरकारी खेती गर्ने गरेका कारण सस्तो हुने हुँदा नेपाली किसान मारमा परेको बताए । 'हामीले स्थानीय बजारलाई लक्ष्य गरेर ठूलोमात्रामा तरकारी उत्पादन गरेका हुन्छौं, उत्पादन लागत बढी पर्ने हुँदा हाम्रो तरकारी केही महँगो हुन्छ', उनले भने, 'हाम्रो तरकारी बजारमा पुग्दा ठिक त्यही समय भारतीय तरकारी सस्तोमा बजारमा आउँछ, अनि नेपाली किसानले प्रतिस्पर्धा गर्न सक्दैनन् ।' *-रासस*

## खेलकुद समाचार

# बेन स्टोक्सले आईपीएल नखेल्ने



**काठमाडौं,** मंसिर ८/इङ्ल्यान्डका अलराउन्डर बेन स्टोक्सले सन् २०२४ को इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेट नखेल्ने भएका छन् । लगातारको प्रतियोगिताका कारण थकित भएकाले उनले आगामी आईपीएल नखेल्ने निणर्य लिएका हुन् ।

स्टोक्स इङ्ल्यान्डको टेस्ट टोलीका कप्तान पनि हुन् । ३२ वर्षीय स्टोक्सले यस विषयमा आफू आबद्ध रहेको आईपीएल क्लब चेन्नइ सुपर किङ्सलाई पनि जानकारी गराइसकेको बताएका छन् । 'लगातारको प्रतियोगिता र थकानका कारण स्टोक्सले आगामी आईपीएल नखेल्ने निणर्य लिएका हुन् । हामी उनको यो निणर्यको सम्मान गर्छौं,' चेन्नइ सुपर किङ्सको व्यवस्थापनले भनेको छ । आईपीएल सुरु हुनुअघि इङ्ल्यान्डले भारतसँग पाँचवटा टेस्टको शृंखला खेल्ने कार्यक्रम रहेको छ । त्यसलगत्तै इङ्ल्यान्डको टोली जुनमा आयोजना हुने टी–२० विश्वकपमा सहभागी हुनेछ । आगामी आईपीएलमा सहभागी हुने टोलीले आइतबारभित्र खेलाडीहरुको विषयमा निणर्य लिइसक्नु पर्ने हुन्छ । स्टोक्सले यसअघि नै इङ्ल्यान्डको एकदिवसीय टोलीबाट सन्न्यास लिएका थिए । तर, हालै सम्पन्न आईसीसी एकदिवसीय विश्वकप खेल्न आफ्नो सन्न्यास फिर्ता लिएर उनी इङ्ल्यान्डको टोलीमा फर्किएका थिए । इङ्ल्यान्डको टोली भारतमा सम्पन्न एकदिवसीय विश्वकपको पहिलो चरणबाटै घर फर्किएको थियो । स्टोक्सले हालै सम्पन्न विश्वकपमा तीनपटक ५० भन्दा बढी रन बनाएका थिए । नेदरल्यान्ड्सविरुद्धको खेलमा उनले सतक पनि बनाएका थिए । आईपीएलको अघिल्लो संस्करणमा चेन्नइ सुपर किङ्सले स्टोक्सलाई १६ करोड २५ लाख भारतीय रुपैयाँमा अनुबन्ध गरेको थियो ।


**वर्गिकृत डिस्प्ले**

**१ X ५ साइजमा मात्र**

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

**सम्पर्कः ०७५–५२०६०१**


## अर्थ/कर्पोरेट समाचार

# तिहारमा २४ करोड फूलको कारोबार



**काठमाडौं,** मंसिर ८/यो वर्षको तिहारमा रु २४ करोड मूल्य बराबरको फूलको कारोबार भएको छ । अघिल्लो वर्षको तिहारमा रु २६ करोडको कारोबार भएकामा यो वर्ष रु दुई करोड कम कारोबार भएको हो ।

यो वर्ष फूलको उत्पादन राम्रो भए पनि मूल्य कम हुँदा गत वर्षको तुलनामा कारोबारमा कमी आएको पुष्प व्यवसायीको छाता संस्था नेपाल फ्लोरिकल्चर एसोसिएसनका अध्यक्ष मीनबहादुर तामाङले जानकारी दिए । अध्यक्ष तामाङले भने, "गत वर्षको तिहारमा रु एक सयमा फूलको माला बिक्री भएको थियो भने यस वर्ष सरदर रु ६५ मा उपभोक्ताले फूल खरिद गरेका थिए, कारोबार कम हुनुको मुख्य कारण नै फूलको मूल्य कमी हुनु हो ।" यो वर्षको तिहारमा रु ३१ करोड २८ लाख मूल्य बराबरको फूलको कारोबार हुने अनुमान रहे पनि झन्डै रु सात करोड कम कारोबार भएको छ ।

यो वर्ष ७० प्रतिशत भारतीय फूल प्रयोग भएको र ३० प्रतिशत मात्रै नेपालमै उत्पादन भएको फूल प्रयोग भएका कारण नेपाली उत्पादनले राम्रो बजार नपाएको अध्यक्ष तामाङको भनाइ छ । भारतबाट ल्याई कोल्ड स्टोरमा राखिएको माला सस्तो पाउने भएपछि नेपाली फूलले समेत मूल्य नपाएको उनको भनाइ छ । यो वर्षको तिहारका लागि ४० लाख सयपत्री फूलको माला खपत हुने अनुमान गरिएको भए पनि ३० लाख सयपत्री, मखमली गोदावरी र मिक्स माला गरी जम्मा ३५ लाख फूलको माला खपत भएको बताइएको छ ।

पछिल्लो समय बजार माग वृद्धिसँगै विशेषगरी काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, गुल्मी, पाल्पा, धादिङ, मोरङलगायत ४८ जिल्लामा पुष्पखेती विस्तार भइसकेको छ । नेपालमा हाल व्यावसायिक रूपमा चार सय ५० प्रजातिका फूल उत्पादन हुँदै आएको छ । नेपालमा लगभग दुई सय २१ हेक्टर क्षेत्रफलमा करिब एक हजार दुई सय व्यवसायीले यसको खेती गर्दै आएका छन् । यो वर्ष रु एक लाख मखमली फूलको माला विदेश निर्यात भएको छ । यसरी माला निर्यात हुने देशहरूमा अष्ट्रेलिया, अमेरिका, खाडी मुलुक रहेका छन् ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जनचेतना दैनिकको आधिकारीक वेबसाइट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई